जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily


एक कदम अगाडि

बर्ष १३ • अंक २८७ • २०८३ श्रावण २१ गते विहिवार • 6 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## श्री गोगल प्रसाद नमूना माविको ७६ औं वार्षिकोत्सव सम्पन्न, उत्कृष्ट विद्यार्थी, अभिभावक तथा शिक्षक सम्मानित

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २० श्रावण




जनकपुरधाम उपमहानगरपालिका-२४ बसहियास्थित श्री गोगल प्रसाद नमूना माध्यमिक विद्यालयको ७६औं वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम बुधबार भव्य रूपमा सम्पन्न भएको छ । वडा नं. २४ का वडा अध्यक्ष शेषनाथ मण्डलको अध्यक्षतामा तथा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा शैक्षिक सत्र २०८२ मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी, अभिभावक, शिक्षक तथा कर्मचारीलाई सम्मान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख मनोज कुमार साहले विद्यालयको वार्षिकोत्सव केवल औपचारिक कार्यक्रम नभई एक प्रकारको सामाजिक परीक्षण (सोसियल अडिट) भएको बताए। उनले विद्यालयले एक वर्षमा गरेका शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय गतिविधिको समीक्षा वार्षिकोत्सवमार्फत समाजसमक्ष प्रस्तुत हुने उल्लेख गर्दै यस अवसरमा अभिभावक, शिक्षक, विद्यार्थी, जनप्रतिनिधि तथा समाजका विभिन्न वर्गबाट प्राप्त हुने सुझाव, टिप्पणी र आलोचनाले विद्यालयलाई अझ प्रभावकारी रूपमा अघि बढ्न मार्गदर्शन गर्ने बताए। “वार्षिकोत्सवमा समाजका विभिन्न वर्गले विद्यालयका कामकारबाहीबारे आफ्नो धारणा राख्छन् । ती रचनात्मक सुझाव र टिप्पणीलाई आत्मसात् गर्दै सुधारका योजनासहित अघि बढ्नु नै वार्षिकोत्सवको वास्तविक उद्देश्य हो,“ उनले भने । मेयर साहले गुणस्तरीय शिक्षा, अनुशासन, नैतिक मूल्य, प्रविधिमैत्री शिक्षण प्रणाली तथा विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यलाई सुदृढ बनाउँदै सार्वजनिक विद्यालयप्रतिको विश्वास बढाउन सबै पक्षले साझा जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा नगर उपप्रमुख किशोरी साह, शिक्षा तथा खेलकुद विकास शाखाकी प्रमुख अञ्जु पाण्डे, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष शत्रुघन प्रसाद शर्मा, वडा सदस्य शेष अमजद हुसैन, प्रधानाध्यापक महावीर दास, सहायक प्रधानाध्यापक राजनारायण मण्डल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय समाजसेवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सो अवसरमा शैक्षिक सत्र २०८२ मा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थी, तहगत उत्कृष्ट विद्यार्थी, उत्कृष्ट अभिभावक, शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो। विद्यालयले आगामी दिनमा शैक्षिक गुणस्तर अभिवृद्धि, अनुशासन, प्रविधिमैत्री शिक्षण र अतिरिक्त क्रियाकलापलाई अझ प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।




## जनकपुरधाम उपमहानगरपालिकाद्वारा फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त जग्गाको खोजी



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २० श्रावण

जनकपुरधाम उपमहानगरपालिकाले दैनिक उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त जग्गा भाडामा लिन सार्वजनिक सूचना जारी गर्दै इच्छुक जग्गाधनीहरूबाट १५ दिनभित्र निवेदन माग गरेको छ ।

उपमहानगरपालिकाले मंगलबार पहिलो पटक प्रकाशित सूचनामार्फत जनकपुरधाम उपमहानगरपालिकाभित्र पर्ने उपयुक्त जग्गा उपलब्ध गराउन इच्छुक जग्गाधनीहरूलाई आवश्यक कागजात सहित निवेदन पेश गर्न आग्रह गरेको हो । सूचनाअनुसार फोहोर व्यवस्थापनका लागि प्रस्ताव गरिने जग्गा एकै ठाउँमा हुनुपर्नेछ । यदि साँधसिमाना जोडिएका छुट्टाछुट्टै जग्गा भए सम्बन्धित जग्गाधनीहरूले संयुक्त रूपमा पनि निवेदन दिन सक्ने व्यवस्था गरिएको छ । निवेदनसँगै नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद तथा जग्गाको नक्सा अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । साथै जग्गाधनी स्वयं उपस्थित हुनुपर्ने र उपस्थित हुन नसके प्रचलित कानुनअनुसार प्रतिनिधि वा वारेसमार्फत निवेदन दिन सकिने जनाइएको छ ।

उपमहानगरपालिकाले फोहोर व्यवस्थापन स्थलका लागि केही मापदण्डसमेत तोकेको छ । प्रस्तावित जग्गाले बस्ती, विद्यालय, सार्वजनिक बाटो, कुलो, मसानघाट, सार्वजनिक वा सामुदायिक जग्गा, वन क्षेत्र, सरकारी कार्यालय तथा नदी-नालालगायत क्षेत्र अतिक्रमण नगरेको हुनुपर्नेछ ।

## सम्बन्ध विच्छेदका मुद्दा निरन्तर बढ्दै



जलेश्वरटुडे समाचारदाता
धनुषा, २० श्रावण

धनुषा जिल्लामा पछिल्ला वर्षहरूमा सम्बन्ध विच्छेदका मुद्दा निरन्तर बढ्दै गएका छन् । जिल्ला अदालत धनुषाको तथ्याङ्कले वैवाहिक सम्बन्धमा तनाव बढ्दै गएको संकेत गर्दै सामाजिक, आर्थिक र पारिवारिक परिवेशमा आएको परिवर्तन यसको प्रमुख कारण बनेको देखाएको छ ।


जिल्ला अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेद सम्बन्धी ३३३ वटा नयाँ मुद्दा दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ मुद्दासहित अदालतमा कुल ५०० वटा सम्बन्धविच्छेदका मुद्दा विचाराधीन रहेका थिए । तीमध्ये २८१ मुद्दाको टुंगो लागिसकेको छ भने २१९ मुद्दा अझै फैसला हुन बाँकी छन् ।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा ३१५ वटा नयाँ मुद्दा दर्ता भएका थिए । सो वर्ष ३४७ मुद्दाको फैसला भएको थियो भने १६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए । लगातार बढ्दो दर्ताले जिल्लामा वैवाहिक सम्बन्धमा दरार बढ्दै गएको संकेत गरेको छ ।

कानुन व्यवसायी राजकुमार महासेठका अनुसार शिक्षाको विस्तार, महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण, वैदेशिक रोजगारीका कारण पति-पत्नी लामो समयसम्म अलग बस्नुपर्ने अवस्था, सामाजिक सञ्जालको बढ्दो प्रभाव, घरेलु हिंसा र पारिवारिक विवादजस्ता कारणले सम्बन्धविच्छेदका घटना वृद्धि भइरहेका छन् ।

उनले गरिबी, बेरोजगारी, बदलिँदो जीवनशैली, व्यक्तिगत स्वतन्त्रताप्रतिको बढ्दो चेतना तथा वैदेशिक रोजगारीबाट आएको सामाजिक परिवर्तनले पनि दाम्पत्य सम्बन्धमा नयाँ चुनौती थपेको बताए । उनका अनुसार अहिले महिला र पुरुष दुवैले आफू अन्यायमा परेको महसुस भए कानुनी उपचार खोज्ने प्रवृत्ति बढेको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए दुर्लिए यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि धर्मेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# नेपालको ठूलो श्रमशक्ति वैदेशिक रोजगारी

*नेपालको ठूलो श्रमशक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । तर, अधिकांश युवा सामान्य श्रमिकका रूपमा जाने भएकाले अपेक्षित आम्दानी प्राप्त गर्न सकेका छैन । यदि उनीहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रशिक्षित प्राविधिक जनशक्ति बनेर जान सके उच्च पारिश्रमिक, सुरक्षित रोजगारी र करिअर विकासका अवसर उल्लेखनीय रूपमा बढ्न सक्ने देखिन्छ । देशभित्र पनि स्वास्थ्य, निर्माण, कृषि, ऊर्जा, सूचना प्रविधि तथा पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको माग निरन्तर बढिरहेको देखिन्छ । अस्पताललाई दक्ष स्वास्थ्यकर्मी, उद्योगलाई मेकानिकल र विद्युतीय प्राविधिक, कृषि क्षेत्रलाई आधुनिक कृषि प्राविधिक तथा सूचना प्रविधि क्षेत्रलाई दक्ष आईटी जनशक्ति आवश्यक रहेको देखिन्छ ।*

*उपलब्धिसँगै चुनौतीहरू पनि गम्भीर रहेको देखिन्छ । धेरै शिक्षालयमा आधुनिक प्रयोगशाला, उद्योगस्तरीय उपकरण र दक्ष प्रशिक्षकको अभाव रहेको देखिन्छ । कतिपय पाठ्यक्रम समय अनुकूल अद्यावधिक हुन सकेका छैन भने उद्योग र शिक्षालयबीचको सहकार्य अझै कमजोर रहेको देखिन्छ । अध्ययन पूरा गरेका विद्यार्थीले कार्यस्थलमा पुगेर पुनः आधारभूत सीप सिक्नुपर्ने अवस्था देखिनु गुणस्तर सुधारको आवश्यकताको संकेत रहेको देखिन्छ ।*

# फरार रहेका ९ जना प्रतिवादीलाई पक्राउ

जलेश्वरटुडे समाचारदाता
धनुषा, २० श्रावण

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय सुनाइएपछि फरार रहेका ९ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीहरूलाई पक्राउ गरिएको हो । उनीहरूलाई जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले विभिन्न स्थानबाट खोजतलास




गरी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पक्राउ परेकामध्ये पाँच जना लागूऔषध मुद्दाका प्रतिवादी रहेका छन् । उनीहरूमध्ये एक जनालाई २ वर्ष ८ महिना कैद र १ लाख ४० हजार रुपैयाँ जरिवाना, तीन जनालाई जनही २ वर्ष कैद र १ लाख रुपैयाँका दरले जरिवाना तथा अर्का एक जनालाई १ महिना कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । यस्तै, बिगोसम्बन्धी मुद्दाका एक प्रतिवादीबाट ३ लाख १० हजार २२० रुपैयाँ असुल गर्नुपर्ने फैसला रहेको प्रहरीले जनाएको छ ।

यसैगरी, सवारी ज्यान मुद्दाका एक प्रतिवादीलाई १ महिना कैद र २ हजार रुपैयाँ जरिवाना, चोरी मुद्दाका एक जनालाई १ महिना कैद तथा अर्का एक जनालाई १ महिना १५ दिन कैद र २१ हजार ४५० रुपैयाँ जरिवानाको फैसला भएको थियो । पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले जानकारी दिए ।

# उच्चस्तरीय समितिको प्रारम्भिक अनुसन्धान सम्पन्न

जलेश्वरटुडे समाचारदाता
सिरहा, २० श्रावण

सुनसरी घटनापछि सिरहाको गोलबजारमा भएको आन्दोलनका क्रममा गणेश यादवको मृत्यु भएको घटनाबारे छानबिन गर्न गठन गरिएको उच्चस्तरीय समितिले प्रारम्भिक अनुसन्धान सम्पन्न गरेको छ । तीन दिनसम्म घटनास्थलमा रहेर तथ्य, प्रमाण र सरोकारवालाको धारणा संकलन गरेको टोली काठमाडौं फर्किएको हो ।

गृह मन्त्रालयका सहसचिव पुष्पराज शाहीको नेतृत्वमा रहेको छानबिन समितिले गोलबजारमा घटनास्थलको निरीक्षण गर्नुका साथै राजनीतिक दल, स्थानीय जनप्रतिनिधि, उद्योगी व्यवसायी, समुदायका अगुवा, प्रत्यक्षदर्शी, सुरक्षा निकाय तथा जिल्ला प्रशासनका अधिकारीहरूसँग छलफल गरेको जनाएको छ । समितिका सदस्यसचिव तथा गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्यालका अनुसार टोलीले आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई धरान पुगेर भेटेको थियो । उपचारमा संलग्न चिकित्सकसँगको छलफलका आधारमा घाइतेको स्वास्थ्य



अवस्था सुधारोन्मुख रहेको र केही दिनभित्र अस्पतालबाट डिस्चार्ज हुने जानकारी प्राप्त भएको उनले बताए । अनुसन्धानका क्रममा समितिले गोलबजार नगरपालिकामा सर्वदलीय बैठक आयोजना गरी स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूबाट घटनाको पृष्ठभूमि र आन्दोलनको अवस्थाबारे जानकारी लिएको थियो । त्यसपछि उद्योग वाणिज्य संघका पदाधिकारी तथा व्यवसायीहरूसँग भेटेर आन्दोलनका क्रममा भएको भौतिक क्षति, व्यवसायमा परेको असर र उनीहरूका गुनासा सुनेको छ ।





अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः शुभ कार्यको शुरुवात
वृषः पिछडेको साथी मिल्न
मिथूनः विचार गरेर बोल्नुहोला
कर्कटः अनावश्यक खर्चको संभावना
सिंहः अनावश्यक चिन्ता
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः पढाईमा ध्यान दिनुपर्ने
वृश्चिकः खानपानमा समस्या आउने
धनुः मित्रतामा फाटो आउने
मकरः लामो यात्राको योग छ
कूम्भः मनमा पछुतो आउने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारतको कश्मीरमा समावेशी लोकतान्त्रिक सहभागिता देखिएपछि पीओकेमा चुनावमा हिंसाको बादल




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० श्रावण**

पाकिस्तान प्रशासित जम्मू कश्मीर (पीओके) मा जारी राजनीतिक सङ्कट हालैका वर्षहरूमा नागरिक र सरकारी अधिकारीहरू बीचको सबैभन्दा गम्भीर टकराब मध्ये एक बनेको छ। जुन ५ मा आर्थिक गुनासो र सरकारी असफलतामाथि स्थानीय विवादको रूपमा सुरु भएको घटनाले चाँडै बन्द, ठूला विरोध प्रदर्शन र क्षेत्रभरि बढ्दो जबरजस्ती सरकारी कारबाहीहरूद्वारा चिन्हित आन्दोलनमा परिणत भयो ।

यो अशान्तिले सरकार र जनता बीचको सम्बन्धमा तनाव मात्र सिर्जना गरेको छैन तर जुलाई २७ मा सुरु हुने तीन चरणको विधान सभा चुनावलाई पनि असर गरेको छ। जसले यस क्षेत्रमा राजनीतिक जबाफदेहिता र लोकतान्त्रिक स्थानको बारेमा आधारभूत प्रश्नहरू उठाएको छ । इस्लामाबादले लोकतान्त्रिक छवि प्रस्तुत गर्दा मुजफ्फराबाद, मिरपुर र रावलकोटका रिपोर्टहरूले चुनाव बहिष्कार, प्रदर्शनकारीहरूमाथि हिंसात्मक कारबाही र इन्टरनेट ब्ल्याकआउटलाई औंल्याउँछन्। जम्मू कश्मीर संयुक्त अवामी कार्य समिति (जेकेजेएएसी) ले "कस्मेटिक चुनाव" लाई अस्वीकार गरेको छ र आरक्षित शरणार्थी सिटहरू, बढ्दो बिजुली शुल्क र दशकौंको सैन्य नियन्त्रणको विरोध गरिरहेको छ। सुरक्षा बलहरूले प्रदर्शनकारीहरूमाथि गोली चलाएको रिपोर्ट गरिएको छ। जसबाट सर्वसाधारणको मृत्यु भयो र सङ्कट अझ बढ्यो। जुलाईको अन्त्यसम्ममा, पीओजेके एक महत्त्वपूर्ण र अस्थिर चरणमा पुगेको थियो। रावलकोटमा संयुक्त अवामी कार्य समिति (जेएएसी) को लामो मार्च एक दुखद मोडमा पुग्यो। जुलाई २७ मा, सुरक्षा बलहरूले मार्चरहरूमाथि गोली चलाएको आरोप छ ।

जसमा कम्तीमा २१ जनाको मृत्यु भयो र दर्जनौं घाइते भए। यो लगभग दुई महिना लामो विरोधको सबैभन्दा रक्तपातपूर्ण दिन थियो । सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रसारित भिडियोहरूमा घाइते प्रदर्शनकारीहरूलाई बोकेर हिँडेको भीड, सडक अवरुद्धका कारण घाइतेहरूलाई निजी सवारी साधनमा पु¥याउने स्वयंसेवकहरू र एम्बुलेन्सहरूको लागि सुरक्षित बाटोको लागि बिन्ती गरिरहेका महिलाहरू देखाइएका छन् । यद्यपि केही फुटेजहरू व्यक्तिगत रूपमा प्रमाणित गर्न सकिएन, उपलब्ध सामग्रीको ठूलो मात्राले भेलाको परिमाण र टकराएको तीव्रता देखाउँछ। हिंसा चाँडै रावलकोटभन्दा बाहिर फैलियो । राजधानी मुजफ्फराबादमा, शुक्रबारको प्रार्थना पछि नयाँ प्रदर्शनहरू सुरु भए, प्रदर्शनकारीहरूले मुख्य सडकहरू अवरुद्ध गरे, टायरहरू बाले र चुनावी ब्यानर र पार्टी पोस्टरहरू जलाए ।

# *फिल्म 'बा एक योद्धा' भदौ १९ गतेबाट विश्वभर प्रदर्शनमा आउने*

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० श्रावण**



पारिवारिक कथावस्तुमा आधारित नेपाली चलचित्र 'बा एक योद्धा' आगामी भदौ १९ गते (सेप्टेम्बर ४) देखि नेपालसहित विश्वभरका विभिन्न मुलुकमा एकसाथ प्रदर्शनमा आउने भएको छ । चलचित्र कृष्ण जन्माष्टमीको अवसर पारेर प्रदर्शनमा ल्याउन लागिएको निर्माण संस्था आर्टिस्टिक इन्टरटेन्मेन्टले जनाएको छ ।

चलचित्रको निर्माता वसन्त लम्साल हुन्। निर्माता लम्साल विगत करिब दुई दशकदेखि अमेरिकामा बसोबास गर्दै आएका व्यवसायी हुन्। व्यवसायसँगै उनी गीतकार, संगीतकार र गायकका रूपमा पनि सक्रिय छन् । 'बा एक योद्धा' निर्माणको हिसाबले उनको दोस्रो चलचित्र हो । निर्माता लम्सालका अनुसार चलचित्रले आफ्ना सन्तानको खुसी र उज्ज्वल भविष्यका लागि जीवनभर सङ्घर्ष गर्ने एक बुवाको त्याग, जिम्मेवारी, माया र संवेदनशील यात्रालाई केन्द्रमा राखेको छ । निर्माता लम्सालले दर्शकलाई मनोरञ्जनसँगै भावनात्मक अनुभूति दिने उद्देश्यले चलचित्र तयार पारिएको बताए । उनका अनुसार परिवारका सबै सदस्यले सँगै बसेर हेर्न सक्ने चलचित्र निर्माण गर्ने प्रयास गरिएको छ र यसले दर्शकको मन छुने विश्वास निर्माण टिमको छ ।

चलचित्र हरि लम्सालले निर्देशन गरेका हुन्। कथा र पटकथा समेत उनैले तयार पारेका छन् भने डा. कृष्णहरि बराल, डा.राजुबाबु श्रेष्ठ र सञ्जीव थापाका शब्दमा हरि लम्सालकै सङ्गीत सुन्न सकिनेछ । शिवराम श्रेष्ठको छायाङ्कन रहेको चलचित्रलाई मित्र डी.गुरुङले सम्पादन गरेका छन्। कार्यकारी निर्माता अनिल बुढाथोकी, लाइन प्रोड्युसर अर्जुन पौडेल तथा सह-निर्माता कृष्ण काफ्ले रहेका छन् ।

चलचित्रमा दिव्यदेव पन्तले बुवाको मुख्य भूमिकालाई जीवन्त बनाएका छन्। झरना थापा आमाको भूमिकामा देखिएकी छन् भने सुहाना थापाले छोरीको पात्र निर्वाह गरेकी छन्। यस्तै, सागर खनाल र सुप्रज्ञा शर्माले छोरा र बुहारीको भूमिकामार्फत पारिवारिक सम्बन्धका उतार चढावलाई प्रभावकारी रूपमा पर्दामा उतारेका छन् । यसका अतिरिक्त शिशिर शिवाकोटी, अनिल बुढाथोकी, माउत्से गुरुङ, सबी थापा, चन्द्र नेपाल, कृष्णप्रसाद ढुङ्गाना, अञ्जन ढकाल र करण शाहलगायत कलाकारको अभिनय रहेको चलचित्रमा अभिनेत्री केकी अधिकारी विशेष भूमिकामा देखिनेछिन् । करिब २ करोड ७५ लाख रुपैयाँको लागतमा निर्माण गरिएको चलचित्रको छायाङ्कन काठमाडौं र काभ्रेको ऐतिहासिक तथा पर्यटकीय नगर पनौतीका विभिन्न स्थानमा गरिएको हो ।



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# किन कुनै देश बर्बाद हुन्छ !

- देशको समृद्धि वा पतन एकै निर्णय वा नेताको कारण होइन, साना-साना निर्णय र सामाजिक विचलनहरूको दीर्घकालीन परिणाम हो। श्रीलंका र सिंगापुरको उदाहरणले देखाउँछ– जब राज्यले समावेशी संस्थाहरू, योग्यताको कदर र नागरिकबीचको विश्वासलाई प्राथमिकता दिन्छ, तब राष्ट्र समृद्धि तर्फ अघि बढ्छ; तर बहुसंख्यकवादी राष्ट्रवाद, विभेद र संस्थागत क्षयीकरणले देशलाई संकटमा पुर्याउँछ। अन्ततः, राष्ट्रको भविष्य निरन्तर संघर्ष, सुधार र अदम्य आशावादितामा निर्भर रहन्छ । देश बनाउने चिन्तामा नेपाली जति व्यस्त छन्, सायद संसारका थोरै मात्र राष्ट्रका नागरिक त्यति व्यस्त हुने होलान् । कोही 'नेपाल किन बनेन' भन्दै सिंगापुरदेखि कोरिया हुँदै भियतनामसँग तुलना गरेर चुकचुक गर्छन् । कुनै बेला 'नेपाल कति बन्यो र कति बिग्रियो' भन्ने बहसले विचारको बजार तताउँछ । केही दिनअघि स्वघोषित 'नेपाल बनाउने टोली' रोचक मुद्दामा देखा परेको थियो । घर बनिसकेपछि वा भइरहेको संरचनाको सबलीकरण गरिसकेपछि त्यसको रङ, सजावट र व्यवस्थापनमा घोत्लिनु स्वाभाविक हो ।

तर 'काशी, कस्मीर, अजब नेपाल' देशका अति जान्ने-सुन्ने (अजासु) बुद्धिजीवीहरू जगको गहिराइ, भित्ताको सुदृढता एवं खाँबाहरूको मजबुती जाँच्नुको साटो मोहडा उत्तर कि दक्षिण, झ्याल पूर्व कि पश्चिम, भित्ताको रङ खरानी कि सेतो र छानोको चमक सुनौलो कि पहेंलो जस्ता मुद्दामा अल्झिन रुचाउँछन् । जगै हल्लिएको र भित्ताहरू मक्किएको घरमा रङरोगनको बहस गर्नु र राष्ट्रको आधारभूत चरित्र बिर्सिएर सतही कुरा गर्नु उस्तै हो । त्यसैले यस पटकको स्तम्भ नेपालको आन्तरिक कथाभन्दा बाहिरका देशहरूको भूराजनीतिक र सामाजिक यथार्थसँग सम्बन्धित छ । लियो टलस्टोयले आफ्नो उपन्यास 'अन्ना कारेनिना' को आरम्भमै एउटा शाश्वत सत्य उजागर गरेका छन्– 'सबै सुखी परिवारहरू एकअर्कासँग मिल्दाजुल्दा हुन्छन्, तर प्रत्येक दुःखी परिवार आफ्नै ढंगले दुःखी हुन्छ ।' सम्भवतः राष्ट्रहरूको नियति पनि त्यस्तै कुनै नियमबाट निर्देशित हुन्छ । समृद्धि, शान्ति र सुशासनका मार्गहरू विश्वव्यापी र लगभग समरूप हुन्छन् । तर कुनै देश कसरी विघटन वा विनाशतर्फ उन्मुख हुन्छ भन्ने कथामा भने प्रत्येक भूगोलको आफ्नै विशिष्ट त्रासदी, भ्रम र इतिहास रहेको देख्न सकिन्छ ।

सन् १९९४ मा सुरु भई जम्मा १ सय दिनसम्म चलेको रुवान्डाको मानवसंहार आधुनिक युगका सबैभन्दा कुख्यात अमानवीय कुकृत्यमध्ये एक हो । अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसंघका शान्ति सेना मूकदर्शक बनेर हेरिरहँदा १ सय दिनभित्र करिब १० लाख अल्पसंख्यक तुत्सी समुदायका मानिससँगै उदारवादी हुतुहरूको हत्या गरिएको थियो । रुवान्डाको त्यो विनाश मुख्यतः हुतु-तुत्सी पहिचान, विभाजनकारी औपनिवेशिक विरासत, चरम राजनीतिक अधिप्रचार र राज्य-समर्थित मानवसंहारको विषालु गर्भबाट जन्मिएको थियो । बर्माको विडम्बना रोहिंग्याहरूको पद्धतिगत बहिष्करण, नागरिकताको सोपानतन्त्र, उग्र नृजातीय राष्ट्रवाद र सैन्य शासनको पासोमा जेलिएको छ । श्रीलंकामा सिंहला-तमिल नृजातीय द्वन्द्व, वर्चस्ववादी भाषिक अहंकार, राज्यको एकाधिकारवादी संरचना र सिंहला बहुसंख्यकवादको अतिवादले देशलाई गृहयुद्धको आगोमा होमेको थियो । युद्धोत्तर कालखण्डमा वंशवादी राजनीतिको दंशले थप घिउ छर्केपछि बहुसंख्यकवादी अतिवादको आगोले कोलम्बोको सत्तालाई झन्डै खरानी बनाउने अवस्था सिर्जना भएको थियो ।

व्यक्ति होस् वा देश, समय कसैका लागि पनि सधैं एकनास रहँदैन । आँखाबाट खसेको आँसुको थोपा आज पीडाको प्रतीक हुन सक्छ । तर, भोलि त्यही संघर्षबाट फेरि एउटा चम्किलो र सुन्दर मोती जन्मिन सक्छ । सायद देशहरूको जीवन पनि त्यस्तै हुन्छ ।सबै संकटग्रस्त राज्य व्यवस्थाहरूको फेदमा केही साझा सामाजिक र सांस्कृतिक रोगहरू नदेखिने होइनन् । वर्चस्ववादी समूहद्वारा पहिचानलाई हतियार बनाउने प्रवृत्ति, सीमान्तकृत समुदायमा गहिरिँदै गएको असुरक्षा र उपेक्षाको भावना, राज्यका अंगहरूको पक्षधरता र तिनको क्षमतामा लगातार ह्रास, भित्री 'शत्रु' खडा गरेर तिनको पूर्ण अमानवीकरण गर्ने निहित अधिप्रचार र आन्तरिक रूपमा कमजोर राज्यहरूमा बाह्य शक्तिहरूको क्रीडास्थल बन्ने भूराजनीतिक चलखेलजस्ता पक्षहरू सबैतिर समान रूपमा देखिन सक्छन् । संकटग्रस्त राज्यहरूको इतिहासले के पनि स्पष्ट संकेत गर्छ भने राष्ट्रहरू न त रातारात कुनै एक महान् निर्णयले बलियो बन्छन्, न त कुनै एक भयानक लापरबाहीले एकाएक ढल्छन् । असंख्य साना-साना संगत र विसंगत निर्णयहरूको सञ्चित परिणाम राज्यको नियति भएर प्रकट हुन्छ । एउटा बहिष्करणकारी कानुन, एउटा निष्प्रभावी बनाइएको संस्था, एउटा क्षणिक राजनीतिक सौदाबाजी, एउटा अवसरवादी सत्ता गठबन्धन र सत्ताको अतिचारमा नागरिक समाजको मौन सहमतिजस्ता तत्त्वहरूले समाजलाई भित्रभित्रै कमजोर बनाउँछन् ।



यस्ता विकृत निर्णयहरू दशकौंसम्म एकअर्कामा जोडिएर आएपछि राष्ट्रको जीवन्त सामाजिक अनुबन्ध च्यातिन थाल्छ । भाषिक तथा सांस्कृतिक बहिष्करण, नृजातीय अहंकार, योग्यताको कदरको साटो चाकरी र परिवारवादमा टिकेको शासन र प्रशासन, संस्थाहरूको क्रमिक क्षयीकरण र कहिले छद्म त कहिले प्रत्यक्ष सैन्यीकरणले राज्यलाई पूर्ण रूपमा असफल नबनाए पनि निरन्तर ढलपल भइरहने पंगु र सार्वभौमिकता नै संकटमा परेको निरीह अवस्थामा पुर्याइदिन्छ । असली राष्ट्रिय संकट भनेको तिनै साना-साना विचलनहरूको दीर्घकालीन र सामूहिक परिणाम हो । समाधानको खोजीमा हतास हुनेहरूले उत्तरभन्दा पहिले प्रश्नको गहिराइ नाप्ने प्रयत्न गर्नु उपयुक्त हुनेछ । राष्ट्रहरूको सफलता वा असफलता कुनै एक निर्वाचन, कुनै एक सरकार वा कुनै एक नेताको सनक र पराक्रममा मात्र निर्भर हुँदैन । प्रक्रिया र पात्रहरू गौण हुन् भनिएको त होइन, तर निर्णायक तत्त्व भनेको राज्यका सार्वजनिक संस्थाहरूको निर्णय र कार्यान्वयन क्षमता नै हो । इतिहासले सफल ठहर्‍याएको नायकले कानुनको शासन र सामान्यजनको हितमा समर्पित संस्थाहरू निर्माण गर्छ ।

राज्यका निजामती तथा फौजी संरचनाहरूले नीति र नियमभित्र रहेर काम गर्ने थिति बसाल्छ । शासकीय स्वरूप वा प्रणालीभन्दा पनि राज्यमा विद्यमान राजनीतिक संस्कृतिले संस्थाहरूको आयु र प्रभावकारिता तय गर्छ । कुनै कारणवश नागरिक र राज्यबीच कायम रहेको विश्वासको तन्तु चुँडियो भने देशको स्थायित्व र सार्वभौमिकता नै जोखिममा पर्न सक्छ भन्ने जोखिमप्रति राज्यका सबै संस्था र संयन्त्रहरू सचेत रहन्छन् ।

साभार : कान्तिपुर ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday